केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४७/०६६/६७ मिति : २०६७/०२/२३

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी इ.प्रा. निर्देशन नं. २/०६६ को बुँदा नं. ११ मा भएको *गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था सम्बन्धमा* भन्ने शीर्ष व्यवस्थालाई *गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था/लिलाम बिक्री सम्बन्धमा* भनी परिमार्जन तथा बुँदा नं. ११ (३) थप गरिएको छ।

(३) इजाजतपत्रप्राप्त संस्थाले धितो सुरक्षणलाई गैर बैंकिंङ्ग सम्पत्तिको रुपमा सकार गर्दा तथा सकार गरेको गैर बैंकिंङ्ग सम्पत्ति लिलाम विक्री गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्ने छ।

(क) रु. २५ लाखभन्दा बढी कर्जा रकम बक्यौता रहेको ग्राहकको सुरक्षण सम्पत्तिलाई गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्दा सम्बन्धित पक्षलाई अनिवार्यरुपमा कालोसूचीमा समावेश गर्नुपर्ने छ।

(ख) आफ्नो संस्थाको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिको लिलाम गर्नुपूर्व स्वतन्त्र मूल्यांकनकर्ताबाट मूल्यांकन गराउनुपर्नेछ। अधिक/न्यून मुल्यांकन गराउन पाइने छैन।

(ग) आर्थिक प्रशासन विनियमावलीमा धितो सुरक्षण/गैर बैंकिंङ्ग सम्पत्ति लिलाम सम्बन्धमा पारदर्शी र स्पष्ट व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाको हित संरक्षण हुने गरी विक्री गर्नुपर्ने छ।

(घ) यसरी गैर बैंकिङ्ग सम्पत्ति सकार गरी लिंदा लिलाम हुन नसकेको सुरक्षण वापत राखिएको सम्पूर्ण सम्पत्तिलाई नै लिनुपर्नेछ, आंशिक रुपमा मात्र लिन पाइने छैन।

(ङ) यसरी सकार गरी लिएको सम्पत्तिलाई यथासम्भव छिटो विक्री गर्नुपर्नेछ। इजाजतपत्रप्राप्त संस्थाको आफ्नै प्रयोजनलाई आवश्यक भएमा सो को लागि संचालक समितिबाट स्वीकृत गराई यस बैंकलाई समेत जानकारी गराउनु पर्नेछ।

२. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६६ को निर्देशन नं. ६/०६६ को बुँदा २ मा (ढ) र (ण) थप गरी देहायको व्यवस्था कायम गरिएको छ।

(ढ) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो सञ्चालक समितिको बैठकमा सञ्चालक बाहेकका सदस्यहरुलाई आमन्त्रण गरी सञ्चालक सरह बैठक भत्ता तथा अन्य सुविधा प्रदान गर्न पाइने छैन। तर बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले आवश्यकता महशुस गरेमा खासखास विषयमा ठोस राय/परामर्शका लागि वित्तीय स्वार्थ नभएको विज्ञ व्यक्तिलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गरी आवश्यक राय/परामर्श प्राप्त गरी सो वापत पारिश्रमिक प्रदान गर्न भने यो व्यवस्थाले वाधा पुर्‍याएको मानिने छैन।

(ण) बैंक वा वित्तीय संस्थामा निर्वाचित/मनोनयन भएको प्रत्येक संचालकले आफू निर्वाचित वा मनोनित भएको मितिले बढीमा पैंतीस दिनभित्र पद तथा गोपनियताको शपथ लिइसक्नु पर्नेछ। अन्यथा, उक्त संचालकको निर्वाचन/मनोनयन स्वतः खारेज हुनेछ। साथै, यो निर्देशन लागू हुनुपूर्व बैंक वा वित्तीय संस्थामा निर्वाचित/मनोनित भएका प्रत्येक संचालकले पद तथा गोपनियताको शपथ नलिएको भएमा यो निर्देशन जारी भएको मितिले बढीमा पैंतीस दिनभित्र पद तथा गोपनियताको शपथ लिइसक्नु पर्नेछ। अन्यथा, उक्त संचालकको निर्वाचन/मनोनयन स्वतः खारेज हुनेछ।

भवदीय,

लक्ष्मीप्रपन्न निरौला

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।